# धवलागिरि गाउँपालिका

# आर्थिक ऐन, २०७९

## धवलागिरि गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** धवलागिरि गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम धवलागिरि गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखी धवलागिरि गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** धवलागिरि गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाईने र असुल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत)ः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

४. **घर वहाल करः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर वहाल कर लगाईने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय करः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. **जडिवुटी, कवाडी र जीवजन्तु करः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल, र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरन्जन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **वहाल विटौरी शुल्कः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचीमा व्यवस्था भए अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ शुल्कः** धवलागिरि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **सेवाशुल्क, दस्तुरः** धवलागिरि गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पुर्वाधार उपलव्ध गराईएको सेवामा सेवाग्राही बाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४.**पर्यटन शुल्कः** धवलागिरि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरु वाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **सहकारी कर :**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सहकारी संचालन अनुमति दिनका लागि अनुसूची (१३) बमोजिमको आधारमा कर लिने र असुल उपर गरिनेछ ।

१६. **खानेपानी उपभोक्ता समिति कर :** गाउँपालिकाले आफ्नो सेवा क्षेत्र भित्र गठन हुने खानेपानी उपभोक्ता समिति दर्ता गर्नेछ । समिति दर्ता गर्दा समितिबाट दर्ता तथा नवीकरण शुल्क अनुसूची (१५) मा व्यवस्था भए बमवजिम शुल्क लगाउने र असुल उपर गरिनेछ ।

१७. **कटिङ ढुङ्गा निकासी कर :** गाउँपालिकाले आफ्नो क्षेत्रमा कटिङ ढुङ्गा पिस उत्पादन गरेबापत उत्पादन कर्ता व्यक्ति वा संस्थाबाट अनुसूची (१६) बमोजिम कर लिने र असुल उपर गर्नेछ ।

१८. **सजाय तथा पुरुस्कार :** धवलागिरि गाउँपालिका क्षेत्रभित्रका नदीहरुबाट नदीजन्य पदार्थ अबैध रुपमा प्रयोग, निकासी तथा विक्री वितरण गर्ने व्यक्ति वा संस्थालाई प्रति ट्र्याक्टर ३०,०००/- (अक्षरुपी तीस हजार रुपैंया मात्र), प्रति टिप्पर र डोजर/एक्साभेटर रु.४०,०००/- जरिवाना गरिनेछ ।

१९. **टेलिफोन टावर भाडाः** धवलागिरि गाउँपालिका क्षेत्रभित्र रहेका टेलिफोन टावर सँगै रहेका भवनको मासिक भाडा रु. ३,०००/- (अक्षेरुपीः तीन हजार रुपैयाँ) हुनेछ ।

२०. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि धवलागिरि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

२१. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**अनुसूची १**

**(दफा २ सँग सम्बन्धित)**

सम्पत्ति कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**अनुसूची २**

**(दफा ३ सँग सम्बन्धित)**

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम भूमी कर (मालपोत कर) निर्धारण गरिएको छ :-

क) १० रोपनी सम्म रु. ५०।—

ख) १० रोपनी भन्दा माथि प्रति रोपनी रु. १०/- को दरले थप कर लगाईने ।

ग) कच्ची घर वापत रु. ५०/-

घ) पक्की घर वापत रु. २००/-

**अनुसूची ३**

**(दफा ४ सँग सम्बन्धित)**

क) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले घर, टहरा आदि भाडामा लगाएबापत जम्मा बहाल रकमको १०% कर लगाईने ।

**अनुसूची ४**

**(दफा ५ सँग सम्बन्धित)**

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम व्यवसाय कर निर्धारण गरिएको छ ।

| **क.स** | **पूँजी विवरण** | **दर्ता शुल्क (रु. मा)** | **नवीकरण शुल्क (रु. मा)** |
|---|---|---|---|
| १ | ३,००,०००/- सम्म | ७००/- | ५००/- |
| २ | ३,००,००१/- देखि ५,००,०००/- | ८००/- | ७००/- |
| ३ | ५,००,००१/- देखि १०,००,०००/- | १,२००/- | १,०००/- |
| ४ | १००००००/- देखि माथि | १,७००/- | १,५००/- |
| ५ | एफ.एम, केवल टि.भी संचालन दर्ता शुल्क | १०,०००।- | |
| ६ | 'घ' वर्गको इजाजत पत्र | १०,०००/- | १,५००/-(पहिलो तीन महिना)<br>२,०००/- (दोस्रो तीन महिना)<br>३,०००/- (छ महिना पछि) |
| ७ | अन्य व्यवसाय | ५००।- | ५००।- |

होटल एण्ड रेष्टुरेन्ट, फेन्सी पसल, हार्डवयर पसल, मासु पसल, स्टेसनरी पसल, औषधी पसल, मदिरा पसल (सिफारिस) र अन्य व्यवसायलाई पनि माथि उल्लेखित शुल्क लागु हुनेछ ।

**अनुसूची ५**

**(दफा ६ सँग सम्बन्धित)**

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम प्राकृतिक स्रोत साधन व्यवसायिक कर निर्धारण गरिएको छ :-

क) भेडाच्याङ्ग्रा पैठारी कर — प्रतिगोटा रु. १०/-

ख) भेडाच्याङ्ग्रा निकासी कर- प्रतिगोटा रु. १०/-

ग) जडिबुटि निकासी कर - नेपाल सरकारले तोकेको राजश्वको २०%

**अनुसूची ६**

**(दफा ७ सँग सम्बन्धित)**

सवारी साधन कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ :-

**अनुसूची ७**

**(दफा ८ सँग सम्बन्धित)**

विज्ञापन कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ :-

**अनुसूची ८**

**(दफा ९ सँग सम्बन्धित)**

मनोरन्जन कर गाउँ कार्यपालिकाले साविकमा निर्धारण गरे बमोजिम हुनेछ :-

**अनुसूची ९**

**(दफा १० सँग सम्बन्धित)**

बहाल विटौरी शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**अनुसूची १०**

**(दफा ११ सँग सम्बन्धित)**

सवारी साधन पार्किङ शुल्क गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**अनुसूची ११**

**(दफा १२ सँग सम्बन्धित)**

ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ शुल्क/कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची १२

### (दफा १३ सँग सम्बन्धित)

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम सेवा शुल्क तथा दस्तुर निर्धारण गरिएको छ :-

| क्र.स | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | सिफारीस दस्तुर | रु. २००।- |
| २ | पञ्जीकरण दस्तुर (३५ दिन पछाडी मात्र लाग्ने) | रु. १००।- |
| ३ | पञ्जिकरण प्रतिलिपी दस्तुर | रु. १५०।- |
| ४ | नाता प्रमाणित (नेपालीमा) | रु. २००।- |
| ५ | नाता प्रमाणित (अङ्ग्रेजीमा) | रु. ३००।- |
| ६ | **सम्पत्ति मूल्याङ्कन** | |
| | जम्मा सम्पती मुल्याङ्कनको | ०.१५% |
| ७ | **सम्पत्ति श्रोत प्रमाणित (नेपालीमा)** | |
| | जम्मा सम्पत्तिको | ०.१०% |
| ८ | **सम्पत्ति श्रोत प्रमाणित (अंग्रेजीमा)** | |
| | जम्मा सम्पत्तिको | ०.१५% |
| ९ | **नक्शा पास सम्बन्धी शुल्क** | |
| | भुँईतला र पहिलो तला | रु ५/- प्रति वर्गफिट |
| | दोश्रो तला | रु ६/- प्रति वर्गफिट |
| | तेश्रो तला वा सो भन्दा बढी | रु ८/- प्रति वर्गफिट |
| | अस्थायी टहरा हजार वर्गफिट भन्दा माथि भएमा | रु २/- प्रति वर्गफिट |
| | अस्थायी टहरा हाजार वर्गफिट भन्दा कम भएमा | रु ५००/- एकमुष्ट |
| | नक्सा पास (कच्ची भवनको) | रु ३/- प्रति बर्गफिट |
| | पक्कि घर सम्पन्न प्रमाणपत्र | रु १,०००।- |
| | कच्ची घर सम्पन्न प्रमाणपत्र | रु. २५०/- |
| १० | **सभाहल भाडा** | |
| | वडा कार्यालयको हल वापत प्रतिदिन | रु. १,०००/- प्रति दिन |
| | स्वास्थ्य चौकीको हल वापत प्रतिदिन | रु. २,०००/- |
| | **प्रोजेक्टर सहितको सभाहल भाडा** | |
| | वडा कार्यालयको हल वापत प्रतिदिन | रु. २,०००/- |
| | स्वास्थ्य चौकी हल वापत प्रतिदिन | रु. ३,०००/- |

**अनुसूची १३**

**(दफा १४ सँग सम्बन्धित)**

इटाली वेसक्याम्प पर्यटक सूचना केन्द्रको कर देहायबमोजिम लागइनेछ :-

विदेशी पर्यटकका लागि : रु. २५०/- प्रति व्यक्ति

स्वदेशी पर्यटक : रु. ५०/- प्रति व्यक्ति

अन्य पर्यटन शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**अनुसूची १४**

**(दफा १५ सँग सम्बन्धित)**

जुनसुकै उद्देश्यले स्थापना हुने सहकारी का लागि देहायबमोजिमको कर लागइनेछ :-
सहकारी दर्ता शुल्क रु. १,५००/-
नवीकरण शुल्कः

पहिलो तीन महिना रु. १,०००/-
दोस्रो तीन महिना रु. १,०००/-
छ महिना पछि रु. १,२००/-

**अनुसूची १५**

**(दफा १६ सँग सम्बन्धित)**

खानेपानी उपभोक्ता समिति दर्ता र नवीकरणमा देहाय बमोजिमको कर लगाइनेछ :-

उपभोक्ता समिति दर्ता शुल्क रु. १००/-

उपभोक्ता समिति नवीकरण शुल्कः

पहिलो तीन महिना रु. ५०/-
दोस्रो तीन महिना रु. १००/-
छ महिना पछि रु. १५०/-

**अनुसूची १६**

**(दफा १७ सँग सम्बन्धित)**

गाउँपालिका भित्र उत्पादन हुने कटिङ ढुङ्गा पिसमा देहाय बमोजिमको कर लगाइनेछ :-

प्रति ट्र्याक्टर कटिङ ढुङ्गा पिस — रु. ५००/-

# धवलागिरि गाउँपालिकाको विनियोजन ऐन, २०७९

धवलागिरि गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

गाउँ सभाबाट स्वीकृत मिति: २०७९/ ०३/१० गते

**प्रस्तावना**

धवलागिरि गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम धवलागिरि गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "धवलागिरि गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७९/०८० को निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च, सामाजिक सुरक्षा भत्ता र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा **रु . ४०,४९,४९,००० .००(अक्षरुपी: चालीस करोड उनन्चास लाख उनन्चास हजार रुपैंया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन**: (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त धवलागिरि गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो

शीर्षक को जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षक बाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

अनुसूची -१

(दफा २ सँग सम्वन्धित)

# नेपालको संविधान धारा २२९ (२) बमोजिम

# सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका(संघ र प्रदेशको समपुरक र विशेष अनुदान समेत) | १२,९६,८४,००० | ९,२१,६५,००० | | २२,१८,४९,००० |
| २ | | सशर्त अनुदान | १६,९३,००,००० | १,३८,००,००० | | १८,३१,००,००० |
| जम्मा | | | २९,८९,८४,००० | १०,५९,६५,०००/- | | ४०,४९,४९,००० |

# धवलागिरि गाउँपालिका

**मुना, म्याग्दी**

# विनियोजन ऐन – २०७९

## पारित मिति – २०७९ साल  आषाढ १०